विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १६८ ♦ २०८० साल फागुन २७ गते आइतवार ♦ 10 March 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## राष्ट्रिय मुक्ति क्रान्ति हुलाकी मात्र होइन पहाडी लोकमार्गमा पनि एकसाथ : महतो

**खबर दर्पण समाचारदाता**

**फागुन २६ गते, महेन्द्रनगर**




बहुलराष्ट्र राज्य स्थापनाका लागि राष्ट्रिय मुक्ति क्रान्ति अभियान थालेका नेता राजेन्द्र महतोले पहिचान सहित बहुलराष्ट्र राज्य निर्माणको आन्दोलन अब मधेशको हुलाकी सडक देखि पहाडको लोकमार्गमा समेत एकै साथ हुने बताएका छन् ।

जनकपुरधाममा मुक्ति क्रान्तिद्वारा आयोजित वृहत सम्वादात्मक कार्यक्रमलाई सम्बोधन गर्दै उनले अब कुनै पनि लक्ष्य नरहेको बताउदै बहुलराष्ट्र राज्य निर्माण एक मात्र उद्देश्य हुने र त्यसका लागि मिल्ने शक्तिहरु बिच सहकार्य भएर मात्र पार्टीको निर्माण हुने समेत बताएका छन् । महतोले अहिले बनेको गठबन्धन पनि पालै पालो लुट मचाउने समुहको फरक मात्र भएको बताए । १२ प्रतिशत खस शासकहरु मिलेर पालै पालो कसरी ढुकुटी लुटने त्यसको क्रम नै वर्तमान गठबन्धन बन्नु र भत्कनु रहेको उनको तर्क थियो ।

कार्यक्रममा तामाङ्गका अगुवा बुद्दि छिरिङ्ग तामांङ्गले नेपालका मधेशी, आदीवासी, जनजाती, थारु र दलित सहितका पिछडिएका समुदाय कुर्सीको राजनिति गरेपनि बैचारिक राजनितिक गर्न नसकेको कारण समस्या अथावत रहेकाले सत्ता भन्दा पनि क्रान्तिका लागि केहि वर्ष खर्च गर्नुपर्ने बताए । उनले हरेक समुदायको समप्रभुता स्थापनाका लागि यो क्रान्ति थालिएको भन्दै गोर्खाली सत्ता ढाल्न सबै मिल्नुको विकल्प नरहेको बताए ।

उनले मधेशी, नेवार, तामांङ्ग, थारु, गुरुङ्ग र दलित सहितका सबै समुदाय अब एक भएर गोर्खाली शासनको अन्त्य गर्नुपर्ने बताए । उनले राजेन्द्र महतो यो क्रान्तिको अगुवाई गरेर राम बन्ने बताए । नेवार अगुवा तथा काठमाण्डौं महानगरपालिकाका प्रत्यासी सुमन शायमीले मधेशी जस्तै काठमाण्डौंको नेवारको

*बाँकी पृष्ठ २ मा*

## नयाँ गठबन्धनपनि लुटतन्त्र मचाउनकै लागि हो : राजेन्द्र महतो

**खबर दर्पण समाचारदाता**

**फागुन २६ गते, महेन्द्रनगर**



राष्ट्रिय मुक्ति क्रान्ति अभियानको शुरुवात गरेका नेता राजेन्द्र महतोले गठबन्धनको सरकारले नेपाली जनतालाई केही पनि प्राप्त नहुने दावी गरेका छन् । जनकपुरधाम विमानस्थलमा शनिबार संचार कर्मीहरुसंग कुरा गर्दै नेता महतो अहिलेको गठबन्धन पनि लुटतन्त्र मचाउनकै लागि भएकाले नेपाली जनताले केही पनि प्राप्त गर्न नसक्ने स्पष्ट गरे ।

उनले गठबन्धन नेपाली जनताको अधिकार रक्षाका लागि नभई कुर्सी बचाउनका लागि मात्रै हुँदै आईरहेकाले यो गठबन्धन पनि कुर्सीकै खेलका लागि निर्माण भएको बताए ।

उनले बहुल राष्ट्रिय राज्य नबनेसम्म नेपाल सम्पूर्ण नेपाली जनताको देश बन्न नसक्ने बताए । अहिलेसम्म नेपाल सबै नेपालीको देश बन्न सकेन, उनले भने 'सबै नेपालीको देश बन्नका लागि बहुल राष्ट्रिय राज्यको रुपमा स्थापित हुनु आवश्यक छ ।' अगाडी भने 'अहिले नेपाल एकल राज्यको रुपमा स्थापित छ, सबै राष्ट्रियता तथा सबै अधिकारवादी र पहिचानवादीहरुको देश

*बाँकी पृष्ठ २ मा*

## होटल सञ्चालन गर्दै आएकी महिलाको हत्या

सिरहाको गोलबजारमा होटेल सञ्चालन गर्दै आएकी एक महिलाको आफ्नै घरभित्र हत्या गरिएको अवस्थामा शव भेटिएको छ ।

गोलबजार ६ की ३२ वर्षीया अनिताकुमारी साहको ढुङ्गा र धारिलो हतियार प्रयोग गरी हत्या भएको अवस्थामा शव भेटिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

साहले स्थानीय सिकन्द्र पूर्वेको घर भाडामा लिएर विगत एक वर्षदेखि होटेल सञ्चालन गर्दै आएकी थिइन् । राति मृतक साह र उनकी श्रीमान् महेन्द्र साहमाथि कुटपिट भएको खबर प्राप्त भएपछि प्रहरी टोली घटनास्थलमा पुगेको थियो । घटनास्थलमा पुग्दा महेन्द्रलाई बेहोस अवस्थामा भेटेपछि प्रहरीले उपचारका लागि गोलबजार पुर्‍याएको थियो ।


अनिताको घटनामा संलग्न भएको आशङ्कामा चार जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक एसपी सन्तोष आचार्यले जानकारी दिए ।-खबरदर्पण

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# खुला तथ्याङ्क बारे कार्यशाला गोष्ठी सम्पन्न

**दिवेश कुमार महतो**

**फागुन २६ गते, जनकपुरधाम**



जनकपुरधाममा दिगो विकास लक्ष्यको लागि खुला तथ्याङ्क बारे एकदिने कार्यशाला गोष्ठी सम्पन भएको छ।

शनिबार जनकपुरधाममा जनकपुर आर्ट एण्ड क्राफ्टको आयोजना र ओपेन नोलेज नेपालको सहकार्यमा एक दिवसीय कार्यशाला भएको हो । डाटा अभियान अन्तर्गत विभिन्न क्षेत्रका ३६ जना युवालाई प्रशिक्षण दिइएको आयोजक संस्थाका संयोजक अशोक साहले जानकारी दिए । खुला तथ्याङ्कले तथ्यमा रहेर काम गर्न पोख्त बनाउने र यस कार्यशलाले सहभागीको व्यक्तित्व विकास हुने उनले विश्वास व्यक्त गरे ।

प्रशिक्षणमा युवाहरुलाई मुद्दा पहिचान, समस्या सम्बोधन, समस्या समाधान र तथ्याङ्क संकलन बारे ओपेन नोलेज नेपालका सिइओ निकेश बलामीले प्रशिक्षण दिएका थिए। कार्यशालामा सहभागी मध्येहरुबाट ६ वटा समुह निर्माण गरी समाजको मुदा पहिचान गरी तथ्याङ्किय दृष्टिकोणले अभ्यास गराइएको थियो।

अभ्यासका क्रममा उत्कृष्ट तिनवटा समुहलाई आयोजक संस्थाले रु.१५ हजार नगदले पुरुस्कृत गरेका थिए भने सहभागी सबैलाई प्रमाण पत्र प्रदान गरिएको थियो।

कार्यशालाबाट उठाइएको तीन वटा मुद्दामा सहभागी युवाहरुले आगामी दिनमा काम गर्ने छन् । ओपेन नोलेज नेपालका जेम्स श्रेष्ठले खुला डाटा बारे संक्षिप्त जानकारी गराएका थिए भने समिक्षा खड्काले सहजिकरण गरेका थिए। उक्त कार्यशालामा युकेआईडि , द एसिया फाउन्डेसन र डाटा फर डिभ्लपमेन्ट नेपालको समेत सहकार्य रहेको थियो।

# सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**फागुन २६ गते, महोत्तरी**



महोत्तरीको विषहरामाई बचत तथा ऋण सहकारी संस्था ले आज शनिवार सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न गरेको छ।

औरही नगरपालिका ३ र ५ श्रीपुरका सदस्यहरूलाई लक्षीत गरी स्थानीय श्री सोन्फी दशै माध्यमिक विद्यालय श्रीपुरमा भएको सो तालिममा ५० जना भन्दा बढी सेयर सदस्यहरूको उपस्थिति रहेको थियो।

तालिममा सहकारीको परिभाषा, मूल्य,मान्यता ,सिद्धान्त ,बचत ,ऋण ,वित्तीय साक्षरता, सहकारी र बैंक बीच फरक तथा संस्थाको बारेमा सदस्यहरुलाई सचिव रामनारायण शाह ले प्रशिक्षण दिनुभयो।

तालिममा सदस्यहरुले संस्थासँग गरेको कारोबारको अनुभव तथा आङ्ग+ नो जीवनको अनुभव आदान प्रदान गरेका थिए।

औरही नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष राम केवल यादवले उद्घाटन गर्नुभएको सो तालिममा संस्थाकी अध्यक्ष गणिता यादव, कर्मचारी रामाश्रय यादव लगायतका उपस्थिति रहेको थियो।

औरही नगरपालिका वडा नम्बर ७ मा सञ्चालित यस संस्थाले नियमित Â रूपमा आङ्ग+ ना सदस्यहरूलाई सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम दिइरहेका छन्।

आगामी दिनमा पनि यस कार्यक्रमलाई निरन्तरता दिने संस्थाकी अध्यक्ष यादवले बताउनु भयो।

# राष्ट्रिय मुक्ति क्रान्ति हुलाकी मात्र होइन.........

पिडा मिल्दाजुल्दा रहेको बुझ्रे यस अभियानमा लागेको बताउदै काठमाण्डौंको मेयर भन्दा पनि मुक्तिको योद्धा हुन मन लागेकाले अभियानमा लागेको बताए ।

मधेशका युवा नेता केशव झा र राजिव झाले कांग्रेस, एमाले र माओवादीबाट आएर मधेशी दलको नेतृत्व गरेका नेताहरुको अगुवाईमा मधेशीको मुक्ति असम्भव रहेकाले यो क्रान्तिको विकल्प नरहेको बताए । सो अवसरमा मधेश सहित देशका विभिन्न प्रदेशका जनजाती, नेवार दलित सहित डा. सिके राउतको स्वतन्त्र मधेशको अभियानका संस्थापक कैलाश महतो सहितको बाक्लो उपस्थिती थियो ।

सहभागिले क्रान्तिको अपिलमा पृथ्वी नारायण साहको खुवै प्रशांसा गरिएको छ भनि सोधिएको प्रश्नमा अध्यक्ष महतोले आफुहरु पृथ्वी नारायण साहले एकिकरण गरेको भन्दा अघि देशमा रहेको विभिन्न राष्ट्रवादकै मांग गरिरहेको बताउदै पृथ्वी नारायण साहले एकिकरण गरेर सबैको फुलबारी भनेपनि त्यसो हुन नसकेको मात्र भनिएको बताए

# नयाँ गठबन्धनपनि...

बनाउनका लागि एकत्रित रुपमा अन्दोलन गर्नु अहिलेको आवश्यक्ता छ ।'

एक अर्को प्रसंगमा नेता महतोले मधेस केन्द्रित दलहरुबिच एकताभन्दा पनि अधिकारवादी तथा पहिचानवादीहरु एकत्रित हुनु आवश्यक रहेको बताए । बेग्ला बेग्लै आन्दोलनहरु विगतमा भएकाले कुनै पनि अधिकारवादी आन्दोलन नेपालमा सफल हुन नसकेको उनको भनाई थियो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन-** समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**धनु** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ**-मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# संसार कै लामो धार्मिक पदयात्रा १५ दिने मिथिला परिक्रमा आज देखि सुरु

**अजयकुमार साह**

**फागुन २६ गते, महेन्द्रनगर**

मिथिलाञ्चलका बहुचर्चित साँस्कृतिक उत्सव तथा संसार कै लामो धार्मिक पदयात्राका रुपमा चिनिने मिथिला परिक्रमा आइतवार देखि विधिवत सुरु हुँदैछ । मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरको रुपमा रहेको परिक्रमा १५ दिनसम्म चल्नेछ ।

यस परिक्रममा १ सय ३३ किलो मिटरको पदयात्रामा नेपाल र भारतका विभिन्न स्थानका ठूलो संख्यामा साधुसन्त र गृहस्थ आश्रमका श्रद्धालुहरुको सहभागिता रहने गरेको छ । प्राचिन मिथिलाको राजधानी जनकपुरधामको अग्नीकुण्डबाट किशोरीजी अर्थात माता जानकी र कचुरी मठबाट मिथिला बिहारी भगवान रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा मध्यमिथिला परिक्रमा विधिवत रुपमा सुरु भएको हो ।

फागुन कृष्णपक्षको औसीमा धनुषाको ठेरा कचुरी मठबाट भगवान राम र जानकीको डोला सहित परिक्रमा सुरु हुन्छ । आइतवार राति धनुषाको हनुमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधु सन्त तथा श्रद्धालुहरु सोमवार विहान पुजापाठ गरी भारतको विहार राज्य स्थित कल्याणेश्वरको लागि प्रस्थान गर्नेछन् ।

फागुन औसीका दिन धनुषाको ठेरा कचुरीबाट निस्कने मिथिलाबिहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिकि परिक्रमाको विधिवत रुपमा शुरुवात हुने परम्परा रहेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास बैष्णवले बताउनुभयो ।

महाशिवरात्री लगत्तै सुरु भएको मिथिलाको सर्वाधिक लोकप्रिय १५ दिने माध्यमिक परिक्रमाका कारण मिथिलाञ्चलमा यसपालाको फागुन महिना उल्लास एवं भक्तिमय हुने भएको छ।

मिथिला विहारीको नेतृत्वमा पारम्पारिक रुपले आयोजना हुँदै आएको यो परिक्रमामा हजारौ सहभागिता रहने यस धार्मिक यात्रालाई व्यवसायिक रुप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास बैस्णवले बताउनुभयो ।

परिक्रमामा सहभागिहरुको लागि वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले सहभागिहरुको सुविधाका लागि पन्द्रवटै विश्रामस्थलमा बिजुली, खानेपानी लगायतको व्यवस्था मिलाएको जानकारी परिषदका अध्यक्ष सितल साहले गराउनुभयो ।

परिरषदका अध्यक्ष साहका अनुसार परिक्रमावासीहरु राती गाउँ भन्दा टाढा खुला चौर ,बगैचा वा पोखरीको डिलमा विश्राम गर्छन। स्थानीय बासिन्दाहरुले पनि सहभागिहरुका लागि अन्न, दाउरा तथा परिक्रमामा सहभागि गोरुका लागि पराल समेत उपलब्ध गराउने गर्दछन् । सहभागिहरु दिनभरी यात्रा गर्छन र भजनकिर्तन तथा सत्संग गरेर रात विताउछन् ।

मिथिलाका जानकार तथा मैथिलीका साहित्य समेत रहेका पूर्वपत्रकार रोशन जनकपुरीको अनुसार नेपाल भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सदभावका प्रतीक बनेको परिक्रमा यात्राको नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको २ गरी १५ विश्रामस्थल छन्। मिथिला महात्मयमा यी विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्व बारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ।

मिथिला महात्म्य अनुसार १८ औ शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रुपमा मनाइदै आएको हो। यस यात्राका सहयात्रीले नेपालका १ सय ७ र भारतको २६ गरी १ सय ३३ किलोमिटर भूमिका पैदलयात्र तय गर्ने परम्परा रहेको छ। परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिन्र, दरभंगहा, सितामढी, बैजनाथधामका साधुहरु उल्लेख्य रुपमा सहभागिता हुने गर्दछ ।

मिथिला महात्मयमा माध्यमिकी परिक्रमा गर्न नसक्नेहरुले छोटो दुरीको अन्तःगृह परिक्रमा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। अन्तःगृह परिक्रमाको सीमा क्षेत्र जनकपुर नगरपालिका भित्र पर्दछ।

जानकी मन्दिरका महन्थ दासका अनुसार जनकपुर स्थित रत्नसागर स्थानका स्व.महन्त बाबा नारायण दासजीले करिब डेढसय वर्षपूर्व समयदेखि दुईसय सम्म साधुसन्तलाई लिएर वनजंगलको बाटो भएर माध्यमिकी परिक्रमालाई मिथिला महात्मयको निर्देशअनुसार प्रारम्भ गर्नुभएको हो । त्यसलाई करिब पचास वर्षपछि स्थानीय सीताकुण्डका महन्त परमहंस सियालाल शरणले पाँचसय साधु सहित वाजागाजा सहित परिक्रमा गरेका थिए।

पाँचसयको सानो संख्यालाई बढाएर २० हजार पुर्‍याई परिक्रमाको महत्व बढाउने तथा वैष्णव सम्प्रदायको प्रवर्द्धनमा महन्त परमंहसको उल्लेखनीय योगदान रहेको जानकी मन्दिरका महन्थ दासले बताउनुभयो। माध्यमिकी परिक्रमामा करिब साठी वर्ष अघिदेखि मिथिला महात्मयको कथा वाचन गर्ने मुख्य पण्डित रामदुलारी शरणजी महाराजले सत्तरी वर्षसम्म उक्त भूमिका निर्वाह गरेर सो परिक्रमाको धार्मिकी करण गर्नुभएको थियो । उहाँको निधनपछि मिथिला महात्मयको कथा वाचन गर्ने काम उहाँका शिष्य सियाराघव शरणले गरिरह्नु भएको छ।

परिक्रमामा सहभागि हुनाले मन वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पुरा हुने तथा मोक्ष प्राप्ति हुने धार्मिक मान्यता रहेको कुरा पण्डित इन्द्रकान्त झाले बताउनुभयो ।

प्राचीन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा स्थापना भएका चार शिवालय कलानेश्वर जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ।

गृहस्थाश्रमदेखि साधुसन्तसम्मको विशाल सहभागीता रहेको यस यात्राका सबै सहभागीलाई यसको महत्वबारे जानकारी नभए पनि उनीहरु उत्साहका साथ यस पर्वमा सहभागी हुने गरेको जानकारी परिक्रमामा डोलीका अगुवाई गर्ने नबल बाबाले जानकारी दिनुभयो।



## यस्तो छ परिक्रमा पथ

**पहिलो दिन** : फागुन औसीका दिन जनकपुरबाट प्रारम्भ हुने परिक्रमाको पहिलो बिसौनी हनुमान नगर (कुवा) हो। जनकपुरधामबाट २ किलोमिटर दक्षिणमा पर्ने यो ठाउँमा हनुमान, राम तथा जानकीका मूर्तिहरु भएको १ सय ६० वर्षअघि स्थापित मन्दिर छ।

**दोस्रो दिन** : दोश्रो दिनको मेला लाग्ने कलाणेश्वर भारत उत्तर विहारको बासोपट्टी तथा उमाकुण्डको सानो बस्ती नजिकै छ। भव्य कुण्ड तथा विश्रामालय समेत रहेको कलाणेश्वर (कलना) निकै आकर्षक एवं मनमोहक छ। भविष्यवेत्ताका रुपमा नाम कमाएर प्रसिद्ध सिद्धबाबा १ सय १० वर्ष बसेको ठाउँ पनि यही हो।

**तेश्रो दिन** : तेश्रो दिनको विश्रामस्थल गिरिजास्थान पनि भारत मै पर्छ। स्थानीयस्तरमा फूलहर नामले चिनिने यो ठाउँमा सीताजीले फूल टिपेर गिरिजा भगवतीको पूजा गर्ने गरेको र त्यही क्रममा भगवान् रामसँग पहिलो देखादेख भएको जनविश्वास छ। गौरीशंकर, जानकी, गिरिजा भगवती र गणेशका मूर्तिहरु एवं कष्टहारिणी र शरसमीर पोखरीहरु भएको यो ठाउँबाट जमुनी नदी बगेको छ।

**चौथो दिनः** यस दिन परिक्रमाका यात्रीहरु नेपालको मटिहानी आइपुग्छन्। महोत्तरी जिल्लामा पर्ने मटिहानी पुरातात्विक महत्वका १२ वटा मन्दिर तथा ८ वटा पोखरी भएको घना बस्ती हो। नेपालमा संस्कृतको पढाइ हुने ठाउँका रुपमा परिचित मटिहानीमा एउटा पुरानो संस्कृत महाविद्यालय तथा मठहरु छन्।

**पाँचौं दिनः** मिथिला परिक्रमाका यात्रीहरु यस दिन जलेश्वरनाथ महादेवको दर्शन गर्न महोत्तरी जिल्लाको सदर मुकाम जलेश्वर आइपुग्छन्। जलेश्वरनाथको मन्दिरको शिवलिङ्ग सधैंभरि जलमै डुबेको हुन्छ।

**छैटौं दिन** : यस दिन यात्रीहरु जलेश्वरबाट मडई आइपुग्छन्। यहाँ मुनेश्वर महादेवको मन्दिर तथा २ वटा आकर्षक पोखरी छन्।

**सातौं दिनः** सातौं दिनको विश्रामस्थल ध्रुव कुण्ड हो। यहाँ ध्रुवजीको मन्दिर छ।

**आठौं दिन** : यात्रीहरुको आठौं दिनको गन्तव्य कञ्चनवन हरिणमरी तथा हरिशपुर नजिकै पर्छ। यहाँ सीतारामको मन्दिर छ।

**नवौं दिन** : यस दिनको विश्रामस्थल पर्वता हो। यहाँ हनुमानजीको विहाल मन्दिर छ। पर्वता पुग्नुपूर्व भक्तजनहरुले हरिहरपुर स्ति क्षीरेश्वरनाथ महादेव स्थानमा पूजा अर्चना गर्छन्।

**दसौं दिन** : यस दिन यात्रीहरु धनुषाधाम आइपुग्छन्। सीताजीसँग स्वयम्बर हुनुअघि भगवान् रामले भाँचेको धनुषका एक टुक्रा यहाँ खसेको विश्वास गरिन्छ। यो ठाउँ धनुष दर्शनका लागि प्रख्यात छ। विवाह पञ्चमी तथा रामनवमीका बेला पनि ठूलोमेला लाग्ने धनुषाधाम स्थित पोखरी, वाणगंगा नदी एवं उत्तर पट्टी करिब ५ सय विघामा फैलिएको घना वन क्षेत्रको यो ठाउँलाई विशेष रमणीय बनाएको छ। यहाँ माघ महिनाको प्रत्येक आइतबार मकर मेला लाग्छ।

**एघारौं दिन** : यात्रीहरुको एघारौं दिनको गन्तव्य सतोषर हो। राममन्दिर र पोखरी रहेको यो ठाउँमा असार साउन महिनामा बोलबम तथा झूला पर्व पनि मनाइन्छ।

**बार्हौं दिन** : यात्रीहरुको बार्हौं दिनको गन्तव्य औरही हो। जनकपुर जयनगर रेल्वेको तेश्रो बिसौनी वैदेही नजिकै रहेको औरहीमा भक्तजनहरु कमला नदीमा स्नान गरी रामजानकी मन्दिरको दर्शन गर्छन्।

**तेर्हौं दिन** : भारतको विशौल परिक्रमा यात्रीहरुको तेर्हौं दिनको गन्तव्य हो।

**चौधौं दिन** : चौधौं दिन परिक्रमा यात्रीहरु करुणा भन्ने स्थानमा आइपुग्छन्। यो कलाणेश्वर नजिकै छ।

**पन्ध्रौं दिन** : यस दिन परिक्रमाका यात्रीहरु जनकपुर आइपुग्छन्। यो यात्राका अन्तिम दिन हो। फागुपूर्णिमाको सन्ध्यामा जनकपुरमा विश्राम गरी पूर्णिमाको विहानै जनकपुरको पञ्चकोसी परिक्रमा (अन्तगृह) पछि श्रद्धालुहरु जानकी मन्दिर लगायत अन्य मठ मन्दिरहरुमा दर्शन, पूजन गरी घर फर्कन्छन्। यसरी मिथिला परिक्रमाको १५ दिने यात्रा समाप्त हुन्छ। परिक्रमा यात्रीहरुका लागि बाटोमा पर्ने विभिन्न स्थानमा पानी, सर्वत, नास्ता, औषधि आदिको व्यवस्था गरिएको हुन्छ।

माध्यमिकी परिक्रमा क्षेत्रको अधिकांश भूभाग नेपालमा पर्ने गर्छ। परिक्रमामा सहभागी हजारौं यात्रु र सो अवसरमा डोला विश्राम गर्ने मेलामा सहभागी लाखौं श्रद्धालु भक्तजनको भीडलाई व्यवस्थित तथा नियन्त्रण गर्न सरकारी लगायत गैरसरकारी क्षेत्रका संस्थाहरु प्रयासरत रहेका छन ।

# पार्टी बैठकमा नयाँ गठबन्धनबारे प्रचण्डले गरे तीन गम्भीर कुरा, ओली, नेपाल र यादवको छैन विश्वास



**खबर दर्पण समाचारदाता**
**फागुन २६ गते, महेन्द्रनगर**

नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले शनिबार पार्टीको बैठकमा नयाँ सत्ता समीकरणलाई लिएर केही गम्भीर कुरा गरेका छन् ।

शनिबार बसेको पार्टी संसदीय दलको बैठकमा प्रचण्डले आफ्नो सरकार र नयाँ सत्ता गठबन्धनबारे मुख्यतः तीनवटा गम्भीर कुरा गरेको सहभागी एक नेताले जानकारी दिए ।

ति नेताका अनुसार पहिलो प्रचण्डले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गठबन्धनमा धोका दिन सक्ने सम्भावना व्यक्त गरेका छन् ।

प्रचण्डले बैठकमा भनेका छन्, 'ओलीले पनि धोका दिन त सक्छन् तर, अहिलेसम्म जे जस्तो कुरा हामी दुईबीचमा भएको छ त्यसका आधारमा ओलीले धोका दिँदैनन् कि भन्ने चै लाग्छ । तर पनि ढुक्क हुने अवस्था भने छैन ।'

दोस्रो रास्ट्रिय स्वतन्त्र पार्टीका बारेमा प्रचण्डले बोलेका छन् । उनले भनेका छन्, 'रविले गृह पाएकाले अहिले छोडि हाल्दैनन् कि ।'

तेस्रो प्रचण्डले माधव नेपाल र उपेन्द्र यादवका बारेमा समेत गम्भीर आशंका व्यक्त गरेका छन् ।

नेताहरुका अनुसार यी दुई नेताका बारेमा प्रचण्डले भनेका छन्, 'माधव र उपेन्द्रको चै भर छैन । नजर राखिरहनु पर्छ । कांग्रेस बेस्सरी लाग्या छ । माधवलाई पिएम बनाएर जान पनि सक्छ कांग्रेस ।'

अध्यक्ष एवं प्रधानमन्त्रीबाट नयाँ गठबन्धनका सहयात्री दलबारे यस्ता कुरा सुनेपछि माओवादीका सांसदले समेत सरकारबारे ढुक्क हुने अवस्था नरहेको बताउन थालेका छन् ।

# व्यापारीको अपहरण गरी फिरौती असुल्ने गिरोहका मुख्य नाइके पक्राउ

**खबर दर्पण समाचारदाता**
**फागुन २६ गते, महेन्द्रनगर**



प्रहरीले दुई भारतीय व्यवसायीको अपहरण गरी नेपाली भूमिमा फिरौती असुल्ने गिरोहका मुख्य नाइके राजन माझीलाई पक्राउ गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय महोत्तरी तथा जिल्ला प्रहरी कार्यालय मोरङको संयुक्त टोलीले बुधबार विराटनगरको कञ्चनवारीस्थित खड्का होटलबाट माझीलाई पक्राउ गरेको मोरङका डीएसपी राजन दाहालले जानकारी दिए ।

माझीलाई बिहीबार जिल्ला अदालतम मोरङमा पेश गरिएको छ । उनीमाथि चारवटा डाँकाचोरीको मुद्दा अदालतमा चलिरहेको छ ।

माझीमाथि गत माघ १६ गते भारतको गोरखपुरस्थित सोनबरसा बजारका इँट्टा भट्टा व्यवसायी ३४ वर्षीय अभिषेक कुमार र गत २ डिसेम्बरमा सोनबरसाकै औषधि व्यवसायी कामेश्वर रायको अपहरण गरेको आरोप छ ।

माझीले कुमारसँग ५० लाख भारतीय रुपैयाँ र रायसँग ४८ लाख रुपैयाँ नेपाली फिरौती लिएर अपहरण मुक्त गरेका थिए ।

उनीमाथि शरीर बन्धक मुद्दा पनि चलाइने डीएसपी दाहालले बताए ।

# कान्तिबजारमा श्री रामेश्वर महादेवको मन्दिर उदघाटन तथा कलश यात्रा

**गणेश कुमार महतो**
**फागुन २६ गते, महोत्तरी**



महोत्तरीको गौशाला नगर पालिका वडा नं.१२ कान्तिबजार स्थित माहाशिवरात्रीको अवसर मा श्री रामेश्वरमहादेव मन्दिर को उदघाटन तथा भव्य कलश शोभा यात्रा निकालिएको छ।उक्त कलश यात्रामा कन्या द्धारा कलश शोभा यात्रा निकालिएको बाँके खोला कलशमा जल भरेर नगर परिक्रमा गराई रामेश्वरमहादेव मन्दिरमा राखिएका छन् ।

विगत ५-६ वर्ष देखि निर्माण अलपत्र परेका महादेव मन्दिर को युवाहरू एक जुट भई चन्दा संकलन गरि निर्माण गराई महाशिवरात्री को अवसरमा कलश शोभा यात्रा निकाली टुटेश्वरनाथ मन्दिरका पुजारी श्रीचन दास द्धारा मन्दिरको रिभन कटाई मन्दिर उद्घाटन भएका छन् ।उक्त रामेश्वर महादेव मन्दिर भित्र टुटेश्वरनाथ मन्दिरका पुजारी श्रीचन दासले महादेवको शालिकमा भस्म र चन्दन लगाई रामेश्वरमहादेवको शालिक माथी जल चाढाई उद्घाटन गर्नु भएका छन् ।

त्यस पश्चात् मात्र रामेश्वर महादेव माथि सम्पूर्ण व्यक्तिहरुको लागि जल चाडाउनेको लागि मन्दिर खुलाईएको थियो ।

सो कलश यात्रामा गौशाला नगरपालिका १२ ,११, ७ का कुमारी कन्याहरु कलश बोकी वडा नं. १२ भरी परिक्रमा गरि बाबा रामेश्वरमहादेव प्राङ्गणमा आएका थिए ।







## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर


पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्धारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

**तपसील**

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल**
**सिट संख्या : २ जना (स्नातक तह)**
**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**
**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**
वर्दिवास, महोत्तरी
सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा